(Notice no: NSTB/NVQS/MoEC-Madhesh-01)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

# सीप परीक्षणको आवेदन आह्ववान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८०/०९/२३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय/ नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा सञ्चालन हुने **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**क) फारम सङ्कलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:**

| क्रम. स. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालय, माछाबजार. जनकपुरधाम, धनुषा। | ०४१-५२८३८६ ९८५४०२११९३ | गार्मेन्ट फेब्रिकेटर | १ |
| | | | मोटरसाईकल मेकानिक | २ |
| | | | सेल /मोवाईल फोन रिपेयर टेक्निसियन | २ |
| | | | रेफ्रिजेनेरेसन एण्ड एअरकण्डिसन मेकानिक | २ |
| | | | वेल्डर | २ |
| २. | लहान प्राविधिक शिक्षालय, लहान, सिराहा । | ०३३-५६००१५ ९८५२८३००१३ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | वेल्डर | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| ३. | निर्मल लामा बहुप्राविधिक शिक्षालय, खयरमारा, बर्दिबास, महोत्तरी | ९८५५०४७५६७ ९८५४०२०३४१ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल एण्ड मार्बल फिक्सर | १ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |

CTEVT Madhesh Province

| | | | | |
|---|---|---|---|---|
| ४. | वि. पी. मेमोरियल बहुप्राविधिक शिक्षालय, सपही, धनुषा | ९८५४०२९७३२, ९८५४०२५५१६, ९८४८०२५११६ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |

**ख) आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशा मा १ वर्षको कार्य अनुभव भएको, |

**ग) आवेदन तथा रजिस्ट्रेसन शुल्क: रु २७० (आवेदकले व्यहोर्ने)**

**घ) सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरू:**

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको मधेश प्रदेशको वेबसाइट https://mowcys.madhesh.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) मधेश प्रदेशको वेभसाइट https://ctevtp2.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको केन्द्रमा मिति २०८०।१०।२२ गते भित्र बुँझाउनु पर्नेछ । आवेदन फारम बुँझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुँझाउन सकिनेछ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाण-पत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाण-पत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश

CTEVT Madhesh Province

पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१२) सीप परीक्षण आवेदन फारम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले**) उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री बापत प्रति फारम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेशको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय पिडारी चौक धनुषा शाखा, च. हि. खाता नं. १५२०१००००२६३८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेशको मोबाइल नम्बर ९८५४०२११९३ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०४१-५९१४४० मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**

CTEVT Madhesh Province